# ठेक्का लागेको छ वर्षमा पनि बनेन सडक

**कविराज घिमिरे**
*हिले (धनकुटा), मङ्सिर २२ गते*

ठेक्का लागेको छ वर्ष बित्दा पनि पाख्रीबास–मुगा–सुनबालुवा सडक पूरा हुन सकेको छैन। २०७६ असारमा ठेक्का लागेर यो सडकको निर्माण सुरु हुँदा निकै उत्साहित भएका स्थानीय छ वर्षसम्म पनि आयोजना अधुरै रहँदा धुलो तथा हिलोको कहर सहन बाध्य छन्। ४२ करोड ७७ हजार रुपियाँमा १९ किलोमिटर कालोपत्रे गर्ने गरी ललितपुरको 'दिवा–महावीर जेभी' ले ठेक्का पाएको थियो।

सम्झौता अनुसार काम २०७८ माघमा सम्पन्न गर्नुपर्ने थियो तर विभिन्न कारण देखाउँदै काम अगाडि नबढेपछि २०७९ भदौ र त्यसपछि २०८० असारसम्मका लागि थप गरिएको सडक डिभिजन कार्यालय धनकुटाले जनाएको छ।

२०८० असारमा तत्कालीन सरकारले स्रोत सुनिश्चित नै नभई परियोजना अगाडि बढेको भन्दै सडक पूर्वाधार विकास योजनाका काम रोकी फरफारक गर्न निर्देशन जारी गरेको कार्यालय प्रमुख ई. राजेन्द्रप्रसाद साह बताउनुहुन्छ। पहिले भुक्तानी भएको रकमबाहेक सडक डिभिजन कार्यालयले थप ८० लाख रुपियाँ मात्र भुक्तानीयोग्य रकम रहेको जनायो तर ठेकेदार कम्पनीले ८० लाखभन्दा धेरैको काम भएको भन्दै भुक्तानी मागसहित उच्च अदालत पाटनमा मुद्दा दर्ता गराएको थियो। अदालतले नेपाल काउन्सिल अफ आर्बिट्रेसनका विज्ञ टोलीमार्फत भुक्तानीयोग्य रकम यकिन गर्ने आदेश दिएको छ तर अहिलेसम्म सो अध्ययन सम्पन्न गर्न सकेको छैन। जसका कारण काम अगाडि बढ्न नसकेको कार्यालय प्रमुख साहको भनाइ छ।

कार्यालयका अनुसार २०८० असारयता एक प्रतिशत पनि काम भएको छैन। यो वर्ष सो सडकका लागि तीन करोड रुपियाँ विनियोजन भएर आएको छ तर मुद्दा टुङ्गो नलागेपछि सडक निर्माणको काम अन्योलग्रस्त बनेको छ।


निर्माणाधीन पाख्रीवास–मुगा–सुनवालुवा सडक ।

चाँडो भन्दा चाँडो काम अगाडि बढाउन स्थानीयको माग छ। आफ्नो गाउँठाउँमा जिल्लाकै प्रभावशाली नेता भए पनि सडक निर्माण अघि बढाउन पहलै नगरिदिएको स्थानीय गजेन्द्रबहादुर राई बताउनुहुन्छ। उहाँले भन्नुभयो, "पूर्वप्रधानमन्त्री स्वर्गीय सूर्यबहादुर थापा जन्मिएको गाउँ यही हो। धनकुटाको राजनीतिमा अहिले पनि मुगा क्षेत्रकै वर्चस्व छ तर सडकका लागि कसैले पनि पहल गरिदिएनन्।

अब यो सडक कहिले पूरा हुने हो अत्तोपत्तो छैन। आयोजनामा अहिलेसम्म ४५ प्रतिशत भौतिक प्रगति र ३८.५ प्रतिशत मात्र वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ तर कामले निरन्तरता नपाउँदा भएको प्रगति पनि शून्य झैँ छ। पहिले बनाइएको ट्र्याक, ड्रेन, ग्राभेल सबै बगिसकेको छ। सडक पहिलेभन्दा बिजोग लाग्दो अवस्थामा रहेको स्थानीय कर्ण बहादुर राई बताउनुहुन्छ। पाख्रीबास नगरपालिका–७, ८ र पालिकाले समेत पटक पटक पहल गरे पनि काम अघि बढ्न नसकेको पाख्रीबास नगरपालिका–८ का वडाध्यक्ष गजेन्द्रबहादुर राई बताउनुहुन्छ।

सडकको ट्र्याक खोलिएको करिब ३० वर्षपछि ठेक्का लागेर निर्माण सुरु हुँदा निकै उत्साहित भएका स्थानीय अहिले निराश र आक्रोशित भएका छन्। यो सडक निर्माण भएमा मुगालाई मात्र नभई दक्षिणी भोजपुर र पूर्वीखोटाङसम्मका स्थानीयलाई कोशी राजमार्गसम्मको सहज र छोटो हुने छ।

## भागबन्डाबाटै प्रतिनिधि चयन

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, मङ्सिर २२ गते*

नेपाल कम्युनिस्ट पार्टी एमाले ओखलढुङ्गाको प्रतिनिधि चयन विवाद अन्ततः भागबन्डामार्फत समाधान भएको छ। गत १३ गते प्रतिनिधि छनोटका लागि भएको निर्वाचनलाई बहिष्कार गरेका चार जनाले प्रतिनिधि पाउने सहमति भएपछि प्रतिनिधि विवाद टुङ्गिएको हो।

जिल्लाबाट चुनावमार्फत निर्वाचित भएका सचिव अशोक थापा, केदारबाबु बस्नेत, पशुपति गुरुङ र जुना विकले सहमतिका लागि आफैँले पाएको प्रतिनिधि पद त्याग्नुभएको छ। उहाँहरूको ठाउँमा पूर्वजिल्ला अध्यक्ष मोहनकुमार श्रेष्ठ, उपसचिव अस्मिता थापा, संविधान सभा सदस्य हर्कबोल राई र सकुन्तला राजभण्डारीलाई प्रतिनिधि बनाइएपछि विवाद समाधान भएको जिल्ला नेतृत्वले जनाएको छ। जिल्लाबाट निर्वाचित अन्य प्रतिनिधि भने यथावत् रहने सहमति भएको छ। त्यस अनुसार प्रतिनिधिमा कोशी प्रदेशका पूर्वमन्त्री अम्बिरबाबु गुरुङ, जिल्ला अध्यक्ष ज्ञानबहादुर खड्का (जिबी), उपाध्यक्ष कमल न्यौपाने, इच्छाकुमारी गुरुङ, उपसचिव राजीव कटुवाल, रमिला मगर श्रेष्ठ, टीका धमला र ज्यानु कालीकोटे कायम हुनुहुन्छ।

१२ जना प्रतिनिधि चयनका लागि कुल ४१ जनाको उम्मेदवारी परेको थियो। सहमतिमा चयन हुन नसकेपछि निर्वाचन गरिएको थियो। सबै उम्मेदवारले मत पाएका थिए भने उच्चतम मत प्राप्त १२ जनालाई विजयी घोषणा गरिएको थियो। एमाले ओखलढुङ्गामा अम्बिरबाबु गुरुङ पक्ष र यज्ञराज सुनुवार पक्षबिच बर्सौंदेखि गुटगत प्रतिस्पर्धा यस पटक सतहमा आएको हो। केन्द्रमा सुनुवार पार्टी अध्यक्ष केपी शर्मा वली र गुरुङ वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षका हुन्। चुनावमा गुरुङ पक्षका १२ जना नै विजयी भएपछि सुनुवार समूहले केन्द्रमा दबाब बढाउँदै पुनः मतदान माग गरेको थियो। केन्द्रीय सङ्गठन विभागले पाँच दिनभित्र पुनः निर्वाचनको निर्देशनसहित कार्यदल गठन गरेको थियो तर कार्यदल जिल्लामा पुगेपछि पुनः चुनाव गराउनुभन्दा भागबन्डा मिलाएर विवाद समाधान गर्ने दिशामा लागेको थियो।

# रामसारकलीलाई तालिम दिइँदै


तस्बिर : बाबुराम कार्की
**रामसारकलीलाई तालिम दिइँदै ।**

**बाबुराम कार्की**
*वराहक्षेत्र, मङ्सिर २२ गते*

हात्तीलाई माहुतेद्वारा प्रशिक्षण गराएपछि मानवीय प्रयोगमा ल्याइने गरिएको छ। कोशीटप्पु वन्यजन्तु आरक्षको हात्तीसारमा रहेका छावालाई माहुते (वाहकी) द्वारा मानवीय प्रयोगका लागि तालिम दिइएको छ। २०७९ साल भदौ ११ गते कोशीटप्पु वन्यजन्तु आरक्षमा सरस्वतीकलीबाट हात्तीसारमा जन्मेको रामसारकलीलाई वाहकीले तालिम गराउँदै आएका छन्।

आरक्षमा गस्ती गर्न पालनपोषणमा राखिएका हात्तीबाट जन्मिएका छावालाई माहुतेको नियन्त्रणमा राख्न एक वर्षको उमेरदेखि सिकाउने गरेको कोशीटप्पु वन्यजन्तु आरक्षका प्रमुख तथा वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "एक वर्षसम्म स्वतन्त्र रहेका गज र कलीलाई सामान्य रूपमा माहुतेको इसारा र निर्देशनमा हिँडाउन तालिम दिइन्छ। तीन वर्ष पुगेपछि औपचारिक रूपमा पूजा गरेर तालिम प्रदान गरिन्छ।"

रामसारकलीलाई तालिम गराउनुअघि खामेश्वरी पूजा गरिएको थियो। छावालाई तालिम गराउनुपूर्व खामेश्वरीको पूजा अनिवार्य मानिन्छ। तालिम सुरु गर्नुअगावै तयार पारिएको काठको खम्बा (खमारा) को टुप्पोमा डोरी अल्झाउने बनाइन्छ। डोरी अल्झने उचाइ र तालिमे हात्तीको घाँटीको उचाइ बराबरको बनाई खमारीको पूजा गरेर तालिम सुरु गरिन्छ। तालिम दिने माहुते (वाहकी) ले तालिम अवधिभरि शुद्ध बस्नुपर्ने माहुते रामचन्द्र यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "हात्तीलाई तालिम दिउन्जेल माछा, मासु, जुठो नखाई, सहवास नगरी बस्नु पर्छ। तालिमभरि शुद्ध एकै रङको कपडा लगाएर तालिम गराउनु गर्छ। तालिमे हात्तीलाई बिहानबेलुकै खमारीमा बाँधेर पूजा गर्नु पर्छ।" माहुते रामचन्द्रका अनुसार हात्तीलाई कम्तीमा एक महिनासम्म तालिम दिइन्छ।

कोशीटप्पु वन्यजन्तु आरक्षको कुशाहस्थित हात्तीसारमा मुकुना र सरस्वतीकलीको छावा रामसारकली तालिम गर्न योग्य भएपछि तालिम गराइँदै छ। रामसारकलीलाई तालिम गराउन माहुते, फणीत र पछुवाले पूजाआजा गरेर वयस्क हात्तीको सहयोगमा तालिम गराउँदै आएका छन्। जङ्गल डुलाएर ल्याएपछि खमारीमा बाँधेर पूजा गरिन्छ र तालिमे हात्तीको अगाडि र पछाडिको खुट्टा र घाटीमा पनि डोरीले बाँधिने रामचन्द्र बताउनुहुन्छ। उहाँका अनुसार घाँटीमा बाँधिने डोरीलाई अग्रन, अगाडिको खुट्टामा बाँधिने डोरीलाई छनुवा, पछाडिको खुट्टामा बाँधिने बन्डा र घाँटीमा बाँध्ने डोरीलाई अग्राम भनिन्छ।

तालिमे हात्तीलाई तालिमको सुरुवाती एक हप्ता खम्बामै बाँधेर सिकाइन्छ र खाना त्यहीँ दिने गरेको माहुते रामचन्द्र बताउनुहुन्छ। तालिममा बहकियाले भनेको नमानेसम्म बस्न दिइँदैन र राति सुत्न पनि दिँदैन। जब उठबस गर्ने, भनेको मान्ने भएपछि अरू हात्तीसँगै आरक्ष जङ्गलमा सिकाउन लग्ने गरिएको छ।

## योग प्रशिक्षक तयार गरिँदै

**विराटनगर समाचारदाता**
*विराटनगर, मङ्सिर २२ गते*

कोशी प्रदेश सरकार अन्तर्गतको मनमोहन प्राविधिक विश्वविद्यालयले प्राविधिक शिक्षासँगै योग शिक्षालाई पनि विस्तार गर्ने योजना अगाडि सारेको छ।

विश्वविद्यालयले समुदाय स्तरमै पुगेर दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यसहित 'स्कुल अफ एप्लाइड हेल्थ साइन्स' को अवधारणा अन्तर्गत योग शिक्षालाई प्राथमिकताका साथ अगाडि बढाएको हो। रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु बुद्धिमानी हुने मान्यताका साथ विश्वविद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत योग शिक्षा विस्तारको अभियान थालेको हो। यस अभियान अन्तर्गत विश्वविद्यालयले दक्ष गुरुहरूबाट तीन चरणको विशेष प्रशिक्षण दिलाएर व्यावसायिक रूपमै योग प्रशिक्षकहरू तयार गर्ने नीति लिएको छ।

यो शिक्षालाई प्रभावकारी रूपमा विस्तार गर्न विश्वविद्यालयले प्रदेशका विभिन्न पालिका र सङ्घ संस्थाको सहकार्यमा चरणबद्ध कार्यक्रम सञ्चालन गरिरहेको छ। विश्वविद्यालयले योग शिविरमा प्रशिक्षण दिने विज्ञ गुरुको खर्च मात्र नभई, त्यहाँबाट उत्पादन भएका प्रशिक्षकले समुदायमा एक वर्षसम्म प्रशिक्षण दिँदा लाग्ने खर्चसमेत आफैँले बेहोर्ने जनाएको छ। प्रदेशका गाउँ गाउँसम्म योग प्रशिक्षक पुऱ्याएर आमनागरिकलाई स्वस्थ बनाउने विश्वविद्यालयको लक्ष्य छ।

योग शिक्षा विस्तारकै क्रममा विश्वविद्यालयले गत मङ्सिर २० देखि झापाको दमकस्थित वडा नम्बर ८ को कार्यालयसँगको सहकार्यमा ४५ दिने योग प्रशिक्षण औपचारिक रूपमा सुरु गरेको छ। विश्वविद्यालयका उपकुलपति डा. सुवासश्री पोखरेलले उद्घाटन गर्नुभएको उक्त प्रशिक्षणमा ५० जना सहभागी छन्। कार्यक्रममा दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई, वडाध्यक्ष धर्मप्रसाद दाहाल र स्थानीय समाजसेवीको सहभागिता रहेको विश्वविद्यालयका तालिम संयोजक विकास राईले जानकारी दिनुभयो।

यसअघि पनि विश्वविद्यालयले आफ्नो विस्तार योजना अनुरूप पाँच महिनाअघि मोरङको उर्लाबारीमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रसँगको सहकार्यमा ४४ जना योग प्रशिक्षक उत्पादन गरिसकेको छ।

## भागेका कैदीबन्दी पक्राउ

**विराटनगर समाचारदाता**
*विराटनगर, मङ्सिर २२ गते*

ललितपुरको नक्खु कारागारबाट भागेका अपहरण तथा शरीर बन्धक मुद्दामा दोषी ठहरिएका एक जना कैदीबन्दीलाई प्रहरीले विराटनगरबाट पक्राउ गरेको छ।

गत भदौ २३ गते भएको जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेका ५५ वर्षीय निपुन गुप्तालाई मोरङ प्रहरीको टोलीले पक्राउ गरेको हो। प्रहरीका अनुसार भारत घर भएका निपुन गुप्ता ललितपुरको नक्खु कारागारबाट फरार भएको तीन महिनापछि विराटनगरबाट पक्राउ परेका हुन्। गुप्ता मोरङको विराटनगर महानगरपालिका–७ मा लुकिछिपी बसिरहेको सूचनाका आधारमा प्रहरीले आइतबार राति पक्राउ गरेको हो।

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
Nepal Intermodal Transport Development Board
Chobhar, Kirtipur-6, Kathmandu
Phone No.: +977-1-4332896, email: nitbktm@nitdb.gov.np

**Notice for Financial Proposal Opening**

**Date of Publication : 9th December, 2025 (Mangshir 23, 2082 BS)**

It is to inform to all the bidders who have submitted their bids for the ***Operation and Management of Kakarbhitta ICD (Contract No.: NITDB-O&M-ICB-11 (FY 2025/026)*** as per notice of invitation for bids published in the "Gorkhapatra" daily and the website www.nitdb.gov.np on 21st August 2025 that the technical proposals which were opened on 17th October 2025 have been evaluated and the Financial Proposal of following technically qualified bidder will be opened at NITDB's office, Chobhar, Kirtipur-6, Kathmandu on 16th December 2025 (Poush 01, 2082 BS) at 13:00 hrs.

**Technically Qualified Bidder**:
(i) M/s Bindabasini Logistics Pvt. Ltd. Nayabazar, Balaju, Kathmandu, Nepal
(ii) M/s Koshi Logistics JV, 71, Dharmapath, 3rd Floor, Kathmandu-23, Nepal

**TRIBHUWAN UNIVERSITY**
**INSTITUTE OF MEDICINE**
**Nepalgunj Nursing Campus**

**Invitation for Bids**

**Date of Notice Publication: 09-12-2025**

1. The Nepalgunj Nursing Campus, Banke invites electronic Bids from registered bidders for the Construction of following Project.

| Contract ID | Description of works | Bid Validity Period | Estimated amount (excluding VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| NNC/SEQ/ WORKS/ 01/2082/83 | Parking at Nepalgunj Nursing Campus | 45 days | 1,329,461.25 | 30,000.00/- | 1,000.00/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the Nepalgunj Nursing Campus, Banke, Nepal and e-GP website www.bolpatra.gov.np.
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e submission from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
Name of the Bank: Nepal Bank Ltd.
Name of Office: Nepalgunj Nursing Campus
Office Account No: 00400100199269000001
4. Electronic bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 24 -12-2025 12:00 hours. Quotations received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-12-2025 13:00 PM at the office of Nepalgunj Nursing Campus, Banke.
6. Bids must be valid for a period mentioned in table above after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days. If bidder wishes to submit the Cash Security, the cash should be deposited and submit the receipt of the deposited amount of cash along with the electronic bid.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064(including amendment) and other prevailing rules and regulation of Nepal.

**Campus Chief**

**काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ**
बूढानीलकण्ठ–७, हेपाली हाइट, काठमाडौं
KIOCH
फोन नं. : ०१-४३७०३७३, email: info@kioch.org.np, website: www.kioch.org

**आ.व.०८२।८३ का लागि आवश्यक औषधी, Surgical Disposable र Clearing Materials and Laundry Chemicals आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको म्याद थप सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८२।०८।२३)**

यस इन्स्टिच्युटद्वारा मिति २०८२/०८/०९ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम औषधी खरिद (बोलपत्र नं. ४५-२०८२/८३), Surgical Disposable खरिद (बोलपत्र नं. ४६-२०८२/८३) र Clearing Materials and Laundry Chemicals खरिद (बोलपत्र नं. ४७-२०८२/८३) कार्यका लागि बोलपत्र आह्वान गरिएका बोलपत्रहरूको फाराम खरिद गर्ने अन्तिम मिति र समय २०८२/०९/०१ गते कार्यालय समयसम्म, दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०९/०२ गते दिनको १२:०० बजेसम्म तथा बोलपत्र खोल्ने मिति र समय २०८२/०९/०२ गते दिउँसो २:०० बजे हुने गरी संशोधन गरिएको व्यहोरा जानकारी गराइन्छ।
यो सूचना इन्स्टिच्युटको website: **www.kioch.org.np** मा पनि हेर्न सकिनेछ।

**न्याय सेवा आयोगको**
**लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना**
मितिः २०८२/०८/२२

न्याय सेवा आयोग, रामशाहपथ काठमाडौंको देहायको विज्ञापनमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरूमध्ये देहायका रोल नं. तथा नामथर भएका उम्मेदवार उत्तीर्ण भई अन्तरवार्ताका लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। छनौट भएका उम्मेदवारले देहायको स्थान, मिति र समयमा हुने अन्तरवार्ता दिन आउँदा प्रमाणपत्रहरूको सक्कल सहित नक्कल-२/२ प्रतिका साथ प्रवेशपत्र लिई तोकिएको समय भन्दा १ (एक) घण्टा अगावै उपस्थित हुनु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा पनि अन्तरवार्ता कार्यक्रम यथावत सञ्चालन हुनेछ।

| पदः जिल्ला न्यायाधीश | | | | | |
|---|---|---|---|---|---|
| लिखित परीक्षा सञ्चालन मितिः २०८२/०७/२०, २१, २२ र २३ गते | | | | | |
| विज्ञापन नं. | ०००१/०८२-८३ | ०००२/०८२-८३ | ०००३/०८२-८३ | ०००४/०८२-८३ | ०००५/०८२-८३ |
| किसिमः | आन्तरिक खुला | खुला | महिला | आदिवासी/जनजाति | मधेशी |
| माग पद संख्याः | ११ | ६ | १ | २ | १ |
| लि.प.मा सम्मिलित संख्या | १७२ | | | | |
| अन्तर्वार्ताको लागि छनौट भएको संख्या | १५ | २० | २ | २ | १ |

| ब.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बावुको नाम | बाजेको नाम | छनौट समूह |
|---|---|---|---|---|---|
| १. | १९२ | इन्दिरा कार्की | मोहनबहादुर | भक्तबहादुर | आन्तरिक खुला, खुला |
| २. | १६५ | ईश्वर परियार | कुलबहादुर | भोटे | खुला |
| ३. | १७४ | कर्णबहादुर राई | लालबहादुर | राधाकृष्ण | आ.ज. |
| ४. | ११३ | खेमकुमारी बस्नेत | खगेन्द्रबहादुर | दिलबहादुर | महिला |
| ५. | १० | गोकुल पन्त | देवीदत्त | प्रजापती | खुला |
| ६. | ४३ | गोपालबहादुर भट्टराई | निरबहादुर | छविलाल | आन्तरिक खुला, खुला |
| ७. | १२४ | टेकराज भुसाल | रामप्रसाद | लक्ष्मीनारायण | आन्तरिक खुला, खुला |
| ८. | १११ | ठाकुर प्रसाद बस्ताकोटी | लेखनाथ | खोमनाथ | आन्तरिक खुला, खुला |
| ९. | ६४ | डिल्लीप्रसाद आचार्य | चन्द्रप्रसाद | लक्ष्मीप्रसाद | खुला |
| १०. | १९ | ताराप्रसाद डाँगी | अतिराम | बलजित | आन्तरिक खुला |
| ११. | १८८ | दिनेश आचार्य | नारायणहरि | कृष्णप्रसाद | आन्तरिक खुला, खुला |
| १२. | ३९ | पुष्पराज बाँस्तोला | रामप्रसाद | गौरीप्रसाद | आन्तरिक खुला, खुला |
| १३. | ५० | बाबुराम भट्टराई | चन्द्रप्रसाद | तुलसीराम | खुला |
| १४. | ५२ | बासुदेव पाण्डे | सुवर्णजंग | गणेशजंग | आन्तरिक खुला, खुला |
| १५. | १३३ | बिरेन्द्रप्रकाश खड्का | रामबहादुर | दरे | आन्तरिक खुला |
| १६. | ३६ | महेन्द्रप्रसाद पौड्याल | ख्यामनारायण | चन्द्रकान्त | आन्तरिक खुला, खुला |
| १७. | ४४ | राजन खनाल | टंकप्रसाद | लिलानाथ | आन्तरिक खुला, खुला |
| १८. | १०४ | ललित सापकोटा | केशव | सूर्यभक्त | आन्तरिक खुला |
| १९. | १७३ | लाल बहादुर क्षेत्री | जयबहादुर | मनबहादुर | खुला |
| २०. | १८ | विकास बस्नेत | हरिबहादुर | मानबहादुर | आन्तरिक खुला |
| २१. | ११६ | शिवप्रसाद आचार्य | राजेन्द्रप्रसाद | भूपति | खुला |
| २२. | १७८ | शिशिरकुमार यादव | जयनारायण | शिवलाल | खुला, मधेशी |
| २३. | ६८ | सुदर्शन खनाल | तोयनाथ | नुरनारायण | खुला |
| २४. | ११७ | सुमन पाण्डे | ओमप्रकाश | नामदेव | आन्तरिक खुला, खुला |
| २५. | ८३ | सूर्यप्रसाद पौडेल | नेत्रनारायण | शशीधर | आन्तरिक खुला, खुला |
| २६. | १७१ | हिरामाया अवाल | श्रीकृष्ण | सिरनरसिंह | महिला, आ.ज |
| २७. | ४५ | हिरालाल भुसाल | लिलाराम | टिकाराम | खुला |

**अन्तर्वार्ता हुने मिति, समय र स्थानः**

| अन्तर्वार्ता कार्यक्रम | | ब.क्र.नं. | स्थान |
|---|---|---|---|
| मिति | समय | | |
| २०८२/०९/११, शुक्रबार | बिहान ८:००-१०:०० बजेसम्म | १-४ सम्म | न्याय परिषद सचिवालय, रामशाहपथ, काठमाडौं। |
| | दिउँसो १२:००-२:०० बजेसम्म | ५-८ सम्म | |
| | अपरान्ह ३:००-५:०० बजेसम्म | ९-१२ सम्म | |
| २०८२/०९/१३, आइतबार | बिहान ८:००-१०:०० बजेसम्म | १३-१६ सम्म | |
| | दिउँसो १२:००-२:०० बजेसम्म | १७-२० सम्म | |
| | अपरान्ह ३:००-५:०० बजेसम्म | २१-२४ सम्म | |
| २०८२/०९/१४, सोमबार | बिहान ८:००-१०:०० बजेसम्म | २५-२७ सम्म | |


Government of Nepal (GoN)
Ministry of Defence
Nepali Army
Kathmandu Terai/Madhesh Fast Track (Expressway) Road Project

**Invitation for Bids**

Date of **publication: 2082/08/23 (09 December 2025)**

1. The Government of Nepal KTFT Road Project invites electronic bids from eligible bidders for the procurement of following items as under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract Identification No./ Work Description | Bid Security Amount and Validity Period [NRs] | Bid Document Fee [NRs] | Deadline for Bid Submission Date and Time | Bid Opening Date and Time | Re. |
|---|---|---|---|---|---|---|
| 1 | **KTFT/NCB/WORKS/082/83/1** River Training Works in Sisneri Basecamp along Bagmati River. | 3,95,000/- 90 days | 3,000/- | 2082/09/24 (08 January 2026) 1200 hrs. | 2082/09/24 (08 January 2026) 1300 hrs. | Estimate Amount (Including VAT and PS) NPR 1,52,74,152.23 |

2. **The bidder may visit the Bidding Documents in e-GP system: www.bolpatra.gov.np/egp, For more information bidders can contact at the** office of The Kathmandu-Terai/Madhesh Fast Track [Expressway] Road Project, Nepali Army Bhadrakali, Telephone No:01-5979453, Email: ft-procmgmt@nepalarmy.mil.np within office hour.